# आकाशवाणी समाचार- नेपाली

मितिः २६ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

## प्रमुख समाचार

- पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोसले राज्यमा हिंसा र भ्रष्टाचार क्यान्सर बनेको र राज्यको उज्ज्वल भविष्यको लागि यी दुई खराबीको पूर्ण उन्मूलन आवश्यक रहेको बताउनु भयो।

- राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले भारतीय निर्वाचन आयोगले गोप्य रूपमा मतदाता सूचीबाट १ करोड २० लाख वास्तविक मतदाताको नाम हटाउने प्रयास गरिरहेको आरोप लगाउनु भएको छ।

- जीटीएका मुख्य कार्यपाल अनित थापाले हिज खरसाङमा दुई वटा ड्रिङ्किङ वाटर सप्लाई योजना अनि शहरी स्वास्थ्य तथा कल्याण केन्द्रको उद्घाटन गर्नु भयो।

- आगामी विधानसभा चुनावमा भाजपाको घोषणा पत्रलाई लिएर हिज दार्जीलिङमा एक परामर्श बैठक सम्पन्न भयो।

- पश्चिम बङ्गाल विधानसभा चुनावलाई लिएर निर्वाचन आयोगले सर्वोच्च न्यायालयको निर्देशको पालना गरेमा अन्तिम तथा पूर्ण मतदाता सूची प्रकाशित हुनुभन्दा पहिले नै चुनाउ कार्यक्रमको घोषणा गर्न सकिने सङ्केत दिएको छ।

## राज्यपाल सीभी आनन्द बोस

राज्यपाल डा. सी.भी. आनन्द बोसले पश्चिम बंगालमा हिंसा र भ्रष्टाचार क्यान्सर बनेको र राज्यको उज्ज्वल भविष्यको लागि यी दुई खराबीको पूर्ण उन्मूलन आवश्यक रहेको बताउनु भयो। राज्यपालले हिज कोलकताको भारतीय संग्रहालयमा आयोजित "शान्ति, शुची, समृद्धि" कार्यक्रमको क्रममा पत्रकारहरूसँग कुरा गर्नु हुँदै यी टिप्पणीहरू गर्नु भएको हो। उहाँले भन्नु भयो, राज्यको वर्तमान वातावरणबाट हिंसा र भ्रष्टाचार पूर्ण रूपमा उन्मूलन नभएसम्म लोकतान्त्रिक संस्थाहरूको रक्षा गर्न गाह्रो हुनेछ। उहाँले भन्नु भयो, बंगालको समृद्ध सांस्कृतिक सम्पदाको कुनै पनि हालतमा संरक्षण गरिनुपर्छ। यो प्राप्त गर्न, भ्रष्टाचार र हिंसाको दोहोरो खराबीहरू हटाउनु आवश्यक छ। राज्यपालले मतदाता सूचीहरूको विशेष गहन पुनरीक्षणको क्रममा "तार्किक रूपमा असंगत" भनेर पहिचान गरिएका कागजातहरूको न्यायिक छानबिनको सम्बन्धमा भारतको सर्वोच्च अदालतको हस्तक्षेप गरेकोमा स्वागत गर्नु भयो। उहाँले विश्वास व्यक्त गर्नु भयो, यो प्रक्रियाले बिस्तारै अवस्थित प्रणालीगत कमजोरीहरूलाई सच्याउने र अद्यावधिक गर्ने छ।

## मुख्यमन्त्री ममता ब्यानर्जी

राज्यकी मुख्यमन्त्री ममता बनर्जीले भारतीय निर्वाचन आयोगले गोप्य रूपमा मतदाता सूचीबाट १ करोड २० लाख वास्तविक मतदाताको नाम हटाउने प्रयास गरिरहेको आरोप लगाउनु भएको छ। दक्षिण कोलकाताको भवानीपुरमा रहेको जैन समुदायको पवित्र स्मारक "मान स्तम्भ" को उद्घाटनपछि आयोजित एक भेलालाई सम्बोधन

गर्नु हुँदै मुख्यमन्त्रीले लोकतन्त्र गम्भीर संकटबाट गुज्रिरहेको बताउनु भयो। उहाँले सर्वोच्च अदालतको आदेश पनि पालना नगरिएको र सबै आवश्यक कागजातहरू बुझाए पनि वास्तविक मतदाताहरूलाई हटाइएको आरोप लगाउनु भयो। तृणमूल कांग्रेस प्रमुख तथा मुख्यमन्त्रीले भन्नु भयो, नामहरू तृणमूल कांग्रेस, भारतीय जनता पार्टी (भाजपा), भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) वा कांग्रेसका समर्थकहरूको होस्, कुनै पनि नागरिकको संवैधानिक अधिकारसँग छेडछाड गर्नु अस्वीकार्य छ। उहाले आफू न्यायको लागि प्रार्थना गर्ने बताउनु हुँदै मानिसहरूलाई अनावश्यक उत्पीडनबाट जोगाउन अपील गर्नु भयो।

**खरसाङ- पिउने पानी**

खरसाङ क्षेत्रको पिउने पानी पूर्वाधारमा महत्वपूर्ण योगदान दिँदै गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले हिज खरसाङ नगरपालिकाको वार्ड नं. २० स्थित फाटक डाँडा र आसपासका क्षेत्रका लागि दुई वटा ड्रिङ्किङ वाटर सप्लाई (डीडब्ल्यूएस) योजनाको उद्घाटन गर्नु भयो। जीटीएको पब्लिक हेल्थ इन्जिनियरिङ डिपार्टमेन्ट (पीएचईडी), खरसाङ डिभिजनद्वारा कार्यान्वयन गरिएको यो योजना "फाटक डाँडा र यसका आसपासका क्षेत्रका लागि डीडब्ल्यूएस योजना" को लागत लगभग ७७.४१ लाख रहेको छ र राज्य सरकारको कोषबाट वित्तपोषित थियो। यो कार्य २२ जनवरी २०२३ मा सुरु भएर हिज पूर्ण रूपमा सम्पन्न भएको हो। त्यसरी नै जीटीएका मुख्य कार्यपाल अनित थापाले खरसाङ नगरपालिकाको वार्ड नं. २० मा निर्माण भएको नयाँ दुई तले शहरी स्वास्थ्य तथा कल्याण केन्द्र (एचडब्ल्यूसी) को पनि उद्घाटन गर्नु भयो। यो भवन नगरपालिका इन्जिनियरिङ महानिर्देशालय र खरसाङ नगरपालिकाद्वारा निर्माण गरिएको हो। स्वास्थ्य तथा कल्याण केन्द्रहरू व्यापक प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रमको हिस्सा हुन्, जसले स्थानीय बासिन्दाहरूको स्वास्थ्य सुधारमा महत्वपूर्ण योगदान दिनेछ।

**दार्जीलिङ- भाजपा परामर्श बैठक**

आगामी विधानसभा चुनावमा भाजपाको घोषणा पत्रलाई लिएर हिज दार्जीलिङमा एक परामर्श बैठक सम्पन्न भयो। दार्जीलिङका सांसद राजु विष्टले यसबारे एक प्रेस विज्ञप्ति जारी गर्नु हुँदै भन्नु भयो, बैठकमा भाजपाको घोषणापत्रले दार्जिलिङ क्षेत्रका जनताका आकांक्षाहरूलाई सही रूपमा प्रतिबिम्बित गरोस् भन्ने सुनिश्चित गर्न पहाड़भरिका विभिन्न वर्गका समर्पित प्रतिनिधिहरूको सहभागिता रह्यो। यस बैठकमा बैठकमा भाजपाका वरिष्ठ राष्ट्रीय नेताहरू भूतपूर्व सासंद एवम् राष्ट्रीय कार्याकरिणी समितिका सदस्य डा. सपन दास गुप्ता र डा. श्यामाप्रसाद मुखरर्जी, अनुसन्धान प्रतिष्ठानका चेयरम्यान एवम् राष्ट्रीय कार्यकारिणी समितिका सदस्य डा. अनिर्बन गांगुली, दार्जिलिङ नगरपालिकाका निर्वाचित पार्षदहरू, दार्जिलिङ जिल्लाका भाजपा सदस्यहरू, भूतपूर्व सैनिक समूह, भाजपा महिला प्रतिनिधिहरू, अनि दार्जिलिङका युवाहरूको सहभागिता रहेको थियो। श्री विष्टले यस विविधतापूर्ण भेलाले एक समावेशी अभ्यासको प्रदर्शन गरेको जसको माध्यमबाट भाजपाले यस क्षेत्रका जनताका चिन्ता अनि आकांक्षाहरूलाई आत्मसात गर्ने काम गरेको बताउनु भयो।

**दुधे -आगलागी**

खरसाङ महकुमा अन्तर्गत दुधेमा भीषण आगलागी हुँदा दुई वटा दोकान जलेर पूर्ण रूपमा नष्ट भएको छ। स्थानीय विजय राई र भक्ति थामीको पसलमा आगो लागेको जानकारी प्राप्त भएको छ। बिहानको समयमा अचानक सल्किएको आगोले गर्दा वरिपरिको क्षेत्रमा ठूलो त्रासको माहौल छाएको थियो। प्रत्यक्षदर्शीहरूका अनुसार, आगलागीको क्रममा पसलभित्र रहेका पाँचभन्दा बढी ग्यास सिलिन्डरहरू एकपछि अर्को गर्दै विस्फोट भएको थियो। सिलिन्डर विस्फोटका कारण आगो नियन्त्रण बाहिर गएको र क्षति अझ बढी भएको बताइएको छ। आगोको चपेटमा दुवै पसलमा रहेका सर सामानहरू जोगाउन नसकिएको र ठूलो आर्थिक नोक्सानी भएको प्रारम्भिक अनुमान गरिएको

छ। आगो कसरी लाग्यो भन्नेबारे अहिलेसम्म ठोस जानकारी प्राप्त हुन सकेको छैन। स्थानीय प्रशासन र सम्बन्धित निकायले घटनाको अनुसन्धान सुरु गरिसकेका छन्।

**खरसाङ-महिला मृत्यु**

खरसाङको जिरो पोइन्ट नजिकै एउटा कल्भर्टबाट खसेर एक महिलाको मृत्यु भएको छ। घटनाको समयमा महिला आफ्ना पतिसँगै थिइन्। प्रारम्भिक जानकारी अनुसार, पतिले मादक पदार्थ सेवन गरेको बताइएको छ। दम्पतीको घर सिलगढी सालुगढा रहेको बताइएको छ भने महिलाका माइती घर खरसाङको चौकीडाँडा क्षेत्रमा रहेको थाहा लागेको छ। घटनाको जानकारी पाएपछि, खरसाङ दमकल र खरसाङ पुलिस घटनास्थलमा पुगेको थियो। स्थानीय बासिन्दाको सहयोगमा, महिलालाई उद्धार गरि तत्काल खरसाङ अस्पताल लगिएको थियो, जहाँ डाक्टरहरूले उनलाई मृत घोषित गरे। परिस्थितिको गम्भीरतालाई ध्यानमा राख्दै, पुलिसले महिलाका पतिलाई हिरासतमा लिएर सोधपुछ शुरू गरेको छ। यो दुर्घटना हो वा अन्य कुनै कारण हो भनेर निर्धारण गर्न पुलिसले हाल घटनाको जाँच गरिरहेको छ।

**पश्चिम बंगाल विधानसभा चुनाव - निर्वाचन आयोग - संकेत**

पश्चिम बङ्गाल विधानसभा चुनावलाई लिएर निर्वाचन आयोगले सर्वोच्च न्यायालयको निर्देशको पालना गरेमा अन्तिम तथा पूर्ण मतदाता सूची प्रकाशित हुनुभन्दा पहिले नै चुनाउ कार्यक्रमको घोषणा गर्न सकिने सङ्केत दिएको छ।
भारतीय निर्वाचन आयोग अनुसार, नामाङ्कनको अन्तिम तिथि सम्म प्रकाशित सबै मतदाता सुचीलाई निर्वाचन प्रक्रियाका लागि वैध मानिनेछ। अन्तिम मतदाता सूची चरणबद्ध रूपमा प्रकाशन गरिरहे पनि उपलब्ध सूचीका आधारमा चुनाउ गर्न सकिने आयोगले स्पष्ट पारेको छ।अहिलेसम्म राज्यमा ५८ लाख भन्दा अधिक नाम मतदाता नामावलीबाट हटाइसकिएको छ । अन्तिम सूची शुक्रबार प्रकाशित हुने भए पनि हटाइएका नामहरूको एकीकृत गणना तत्काल सम्भव नहुने अधिकारीहरूले बताएका छन्। सर्वोच्च न्यायालय को आदेश अनुसार २८ फ़रवरी पछि पनि आयोगले चरणबद्ध रूपमा सूची प्रकाशित गर्न सक्नेछ र तिनीहरूलाई अन्तिम सूचीको अङ्गको रूपमा व्यवहार गरिनेछ।

**निर्वाचन आयोग-पश्चिम बंगाल**

निर्वाचन आयोगले पश्चिम बंगालमा विधानसभा चुनावअघि तैनाथ केन्द्रीय सशस्त्र पुलिस बलका जवानहरूलाई छुट्याइएको वाहनहरूमा जीपीएस ट्र्याकर जडान गर्ने निर्णय गरेको छ। सीएपीएफका जवानहरूको तैनाथी दुई चरणमा सुरु हुनेछ। पहिलो चरणमा २४० कम्पनी आगामी महिनाको पहिलो तारिखबाट परिचालन हुनेछन् । आयोगले सशस्त्र बललाई एरिया डोमिनेसन अभ्यास गर्न र राज्यको भूगोलसँग परिचित गराउन निर्देशन दिएको छ । पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीले भनेको छ - जीपीएस ट्र्याकिंग प्रणालीले निर्वाचन आयोगद्वारा नियुक्त केन्द्रीय पर्यवेक्षकहरूलाई सीएपीएफका कर्मचारीहरूको गतिविधिको निगरानी गर्न सक्षम बनाउनेछ। दोस्रो चरणमा 240 कम्पनीहरू 10 मार्चदेखि तैनात हुनेछन्। पहिलो चरणमा सीआरपीएफबाट ११०, बीएसएफबाट ५५, सी.आई.एस.एफ.बाट २१, आईटीबीपीबाट २७ र एसएसबीबाट २७ कम्पनी हुनेछन् । दोस्रो चरणमा सीआरपीएफबाट १२०, बीएसएफबाट ६५, सीआईएसएफबाट १६, आईटीबीपीबाट २० र एसएसबीबाट १९ कम्पनी हुनेछन् । विगतका चुनावहरूमा सीएपीएफका जवानहरूको अप्रभावी तैनातीको बारेमा गुनासो आएपछि आयोगले यो कदम उठाएको हो।

**सांसद राजु विस्ट- पद्मश्री श्री गम्भीर सिंह योन्जन**

दार्जीलिंगका सांसद राजु विस्टले कालेबुंगस्थित पेदोंगमा पद्मश्री पुरस्कारले विभुषित गम्भीर सिंह योन्जनसित भेट गर्नुभयो l यस अवसरमा सांसद श्री विस्टले क्षेत्रका एक अग्रणी वनस्पतिविद्, प्रख्यात शिक्षाविद् तथा प्रतिबद्ध सामाजिक कार्यकर्ता, डा. योन्जनलाई विज्ञान, पर्यावरण संरक्षण र सामुदायिक कल्याणमा उहाको स्थायी योगदानको लागि पद्मश्री प्रदान गरिएको बताउनु भयो। उहाले पद्मश्री डाक्टर योन्जनको जीवनको कर्म पूर्वी हिमालयका पुस्ताहरूका लागि प्रेरणादायी रहेको बताउनुभयो। स्मरण गराइन्छ , पद्मश्री डाक्टर योन्जनले दार्जीलिङ सरकारी कलेजमा वनस्पति विज्ञानको प्रोफेसर र पछि कालेबुङ कलेजको प्राचार्यको रूपमा सेवा गर्नुभयो जसले आफ्नो शैक्षिक नेतृत्वको माध्यमबाट अनगिन्ती युवा दिमागलाई आकार दिनुभयो । उहा हिमालय साइन्स एसोसिएसनका संस्थापक हुन् र उहाले हिमाली पारिस्थितिकी र औषधीय वनस्पतिहरूमाथी धेरै महत्त्वपूर्ण लेखहरु लेख्नुभएको छ l

****** ० ******